श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३० सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### कम्पनी ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– कम्पनी ऐन, २०२१ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "कम्पनी (दोश्रो संशोधन) ऐन, २०३०" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा ५० पछि थपः– मूल ऐनको दफा ५० पछि देहायको दफा ५०क. थपिएको छः–

५०क. सञ्चालक नियुक्ति गर्दा मतदान गर्ने अधिकारः–सञ्चालक नियुक्ति गर्नको लागि मतदान गर्दा प्रत्येक शेयरवालालाई निजले लिएको शेयर संख्याले नियुक्त गर्नु पर्ने सञ्चालकको संख्यालाई गुणन गर्दा हुने संख्या बराबरको मतको हिसाबले मतदान गर्ने अधिकार हुनेछ र त्यसरी मतदान गर्ने शेयरवालाले आफ्नो सबै मत एउटै उम्मेदवारलाई वा एकभन्दा बढी उम्मेदवारलाई निजले तोकेबमोजिम विभाजन हुने गरी मतदान गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ६७ मा संशोधनः– मूल ऐनको दफा ६७ को सट्टा देहायको दफा ६७ राखिएको छः–

६७. सञ्चालकहरूको कार्यकालः–(१) प्रत्येक पब्लिक कम्पनीको सञ्चालकको कार्यकाल चार वर्षको हुनेछ ।

तर–

(क) सम्बन्धित विभाग वा म्यानेजिङ एजेण्ट वा संगठित संस्थाद्वारा नियुक्त सञ्चालक नियुक्ति गर्ने अधिकारीको इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(ख) दफा ६४ को उप–दफा (१) को प्रतिबन्धात्मक वाक्यांश (क) र (ख) बमोजिम नियुक्त भएको सञ्चालक वार्षिक साधारण सभा नभएसम्म मात्र आफ्नो पदमा बहाल रहनेछ ।

(ग) कुनै सञ्चालकको पद बीचमा रिक्त भई यस ऐनबमोजिम सो पदमा साधारण सभाद्वारा नियुक्त भएको सञ्चालकको कार्यकाल सो सञ्चालक जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।

(२) यो दफा प्रारम्भ हुनुअघि संस्थापित कम्पनीको सञ्चालक समितिको हकमा यो ऐन प्रारम्भ भएपछि पहिलो पटक एक तिहाई सञ्चालकले जुन मितिमा अवकाश प्राप्त गर्ने हो सोही मितिमा बाँकी सञ्चालकको कार्यकाल जतिसुकै बाँकी रहेको भए तापनि समाप्त भएको मानिनेछ ।

(३) प्राइभेट कम्पनीको सञ्चालकको कार्यकाल सो कम्पनीको नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

(४) कार्यकाल समाप्त भई सञ्चालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति सञ्चालक पदमा पुनः नियुक्त हुन सक्नेछ ।

तर, लगातार दुई पटकभन्दा बढी कार्यकालको निमित्त पुनः नियुक्त हुन सक्ने छैन ।

(५) उप-दफा (४) को प्रयोजनको लागि कार्यकालको पटक हिसाब गर्दा यो ऐन प्रारम्भ भएको मितिमा कायम रहेको सञ्चालकको कार्यकाललाई पहिलो पटकको रूपमा गणना गरिनेछ ।

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मिति– २०३०।१२।११।१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०८